म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ११ विहीबार २५ साउन २०८० ने. सं. ११४३ अनलागा 10 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## डम्पिङ साइटमा वृक्षरोपण

हेटौंडा, २४ साउन/हेटौंडा उपमहानगरपालिका-१०, स्थित बाइपास रोड नजिकैको डम्पिङ साइटमा वृक्षरोपण गरिएको छ । डम्पिङ साइटलाई सेनेटरी पार्क बनाउने अभियानमा लागेको हेटौंडा उपमहानगर पालिकाले राप्ती खोलाको शवदाह स्थलदेखि त्रिवेणी जाने बाटो रिभर साइडमा ६० वटा गुलमोहरका बिरुवा रोपिएको हो । उपमहानगरपालिका मेयर मीनाकुमारी लामाले गुलमोहरका बिरुवा रोप्दै वृक्षरोपणको उद्घाटन गरिन् । डम्पिङ क्षेत्रलाई पार्कको रुपमा परिवर्तन गर्न सुन्दर, सफा, हरियाली बनाउन गुलमोहर रोपिएको मेयर लामाको भनाइ छ । यसैगरी १० नं. का वडाअध्यक्ष फुर्वा दोर्जेलामाले डम्पिङ साइडलाई व्यवस्थित गर्न पार्क निर्माण गर्न लागिएको बताए । जनघनत्वका हिसाबले उपमहानगरका अन्य वडा भन्दा १० नम्बर वडा ठूलो भएकोले यस वडालाई नमूना वडा बनाउन आफू लागि पर्ने वडाअध्यक्ष लामाले प्रतिबद्धता जनाए । सेनेटरी पार्क निर्माणको लागि उपमहानगरबाट २५ लाख रुपैयाँ बजेट बिनियोजन भएको छ । वृक्षरोपण कार्यक्रममा ग्रिन एण्ड क्लीन सिटी सर्भिसेज प्रालिका अध्यक्ष नवराज खतिवडालगायतको उपस्थिति थियो ।

### हेटौंडाको अनुदान दुरुपयोग प्रकरण

# सरकारलाई ६१ लाख फिर्ता नगरेपछि बैंक खाता रोक्का गर्न पत्राचार

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ हेटौंडा औद्योगिक क्षेत्रभित्र वधशाला सञ्चालन गर्ने भन्दै प्रदेश सरकारसँग लिइएको ६१ लाख रुपैयाँ बढी अनुदान रकमको असुली प्रक्रिया निरन्तर अगाडि बढेको छ ।



यसअघि नै वधशाला सञ्चालनका लागि सरकारी अनुदान लिने कम्पनी र सञ्चालकसँग अनुदान रकम दुरुपयोग भएको ठहर भएपछि असुली प्रक्रिया अगाडि बढाइएको थियो । तर, कम्पनीको नाम नै परिवर्तन गरी सञ्चालक फरार भएपछि सरकारी रकम असुलउपर गर्ने सरकारी निकाय कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय, काठमाडौंले हाल बैंक खाता नै रोक्न नेपाल राष्ट्र बैंकलाई पत्र काटेको छ । बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले औद्यागिक क्षेत्रभित्र वधशाला सञ्चालन गर्ने भन्दै बफेलो क्वालिटी फुड प्रालिलाई २०७६ सालमा ६१ लाख २९ हजार बढी रकम अनुदान दिएको थियो ।

अनुदान रकम दुरुपयोग भएको देखिएपछि मन्त्रालयले लामो समयको अध्ययन पश्चात रकम असुलउपरका लागि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय काठमाडौंलाई पत्राचार गरेको थियो । कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले रकम असुली प्रक्रिया अनुसार २३ चैतमा कम्पनीको नाममा ३५ दिने सूचना जारी गरेको थियो । अनुदान रकम लिएपछि थोरै समयमा फलामका संरचना ठड्याएर बफेलो क्वालिटी फुड कम्पनी गायब भएपछि घटना बाहिरिएको थियो । अनुदान रकम फिर्ता गर्ने सम्बन्धको सूचना र पटक-पटकको ताकेता पछि पनि सरकारीलाई रकम नबुझाएपछि बफेलो क्वालिटी फुड प्रालिका सञ्चालक सैयद रियाजउद्धिनको बैंक खाता रोक्का गर्न राष्ट्रय बैंकलाई पत्र काटिएको हो ।

वधशाला सञ्चालन गर्ने भन्दै कम्पनी नै मन्त्रालयसँग अनुदान माग्न आएको थियो । त्यतिबेला कम्पनीले वधशाला सञ्चालन गरेर मासु निर्यातमा चमत्कारिक काम गर्ने मौखिक बनावटी योजना देखाएर अनुदान रकम कुम्ल्याएको थियो । मन्त्रालयसँगको सम्झौतामा कम्पनीको प्रतिनिधिका रुपमा सैयद रियाजउद्धिनले हस्ताक्षर गरेका छन् । साविकको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग हेटौंडा औद्योगिक क्षेत्रमा वधशाला सञ्चालन गर्ने भन्दै १६ जेठ ०७६ मा सम्झौता भएको थियो ।

वधशालाको कुल परियोजना लागत १ करोड ४२ लाख ८४ हजार रहेकोमा सम्झौता अनुसार वधशाला सञ्चालनको लागत अनुमानअनुसारको रकमको ५० प्रतिशत बढीमा ७१ लाख ४२ हजार भुक्तानी हुने भनिएको थियो । तर, बफेलो क्वालिटी फुडले १ करोड ३१ लख १९ हजार ५ सय २४ रुपैयाँको सञ्चालन खर्च पेस गरेपछि ६१ लाख २९ हजार १ सय ६३ सय रुपैयाँ अनुदान पाएको थियो । सम्झौतामा अनुदान रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकलाई सचेत गराउने र सुधार नदेखिएमा एकपक्षीय रुपमा सम्झौता भङ्ग गर्ने तथा हिनामिना भएबराबरको रकम दोस्रो पक्ष (बफेलो क्वालिटी फुड) बाट सरकारी बाँकी सरह असुलउपरको प्रक्रिया अगाडि बढाउन सक्ने उल्लेख छ ।

सरकारको अनुदान पाएपछि हाल कम्पनी गुमनाम छ । उद्योगले उत्पादन गर्ने भनिएको स्थानमा भौतिक संरचना नै छैन । उद्योगले आफ्ना मेसिनहरु बिक्री गरेर गायब भएको हो । यसअघि प्रदेशभर विस्तारित कृषि अनुदानको अनुसन्धान गर्न गठित कृषि अनुदान वितरण छानबीन उपसमितिले लेखा समितिलाई वधशालामा अनुदान हिनामिना भएको प्रमाणसहित प्रतिवेदन पेश गरेको थियो । प्रदेशको सार्वजनिक लेखा समितिले वधशाला खोल्ने नाममा सरकारी अनुदान दुरुपयोग भएको ठहर गर्दै छानबीन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा परि पत्रसमेत गरेको थियो । अख्तियारले पनि छानबीन गरिरहेको छ ।

लेखा समितिले छानबीन उपसमितिको अनुसन्धान प्रतिवेदनका आधारमा अनुदानग्राहीले सम्झौता विपरीत कार्य गरी अनुदान दुरुपयोग गरेको भन्दै असुलउपर गर्न मन्त्रालयलाई निर्देशन समेत समेत दिएको थियो । तर, मन्त्रालयले कम्पनीलाई सम्पर्क गर्न खोज्दा बफेलो फुड प्रालि सम्पर्कमै नआएपछि अन्ततः मन्त्रालयले गत चैत २० गते संघीय सरकार अन्तर्गतको कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा अनुदान रकम असुल गरिदिन भन्दै पत्र पठाएको थियो । केन्द्रीय तहसिल कार्यालयले पनि अनुदान रकम बुझाउन भन्दै सैयद रियाजउद्धिनको नाममा गत चैत २३ गते ३५ दिने सूचना जारी गरेको थियो ।

# सेवा प्रवाह छरितो बनाउँदै हेटौंडा

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ हेटौंडा उपमहानगरपालिकाले पालिकाबाट प्रदान गर्दै आएको सेवा वडातहबाट प्रवाह गर्न आवश्यक जनशक्ति व्यवस्थापनमार्फत् सेवा छिटोछरितो बनाउने अभियानलाई तीव्रता दिएको छ ।

पालिकाले अब २० लाख रुपियाँ बराबरको योजनालाई वडातहबाट लागत इस्टिमेट तयार, सम्झौता, कार्य अनुगमन तथा मूल्याङ्कन गरी फछ्र्यौटसम्म गर्ने गरी प्राविधिक र लेखाको कर्मचारी व्यवस्थापन गर्न लागेको हो ।



आर्थिक वर्ष २०७८/०७९ सम्म पाँच लाख रुपियाँ बराबरको योजना वडाबाट फछ्र्यौट गर्ने अधिकार प्रदान गर्दै आएको पालिकाले गत आव २०७९/०८० देखि उक्त अधिकारलाई २० लाख रुपियाँसम्म बढाएको थियो । त्यससंगै प्राविधिक जनशक्ति व्यवस्थापन गरेको पालिकाले चालु आवदेखि लेखाको कर्मचारीसमेत वडावडामा पठाउन लागेको हो ।

बुधबार बसेको ३० औं कार्यपालिका बैठकले खर्च केन्द्रसम्बन्धी जनशक्ति व्यवस्थापन गर्ने प्रतिबद्धता जनाएको हो । यसअन्तर्गत् पालिकाले अब कम्तिमा दुईवटा वडाको लेखा व्यवस्थापन गर्ने गरी एक जना लेखा अधिकृतको व्यवस्थापन गर्ने पालिकका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए । उनका अनुसार यसलाई क्रमशः बढाएर १९ वटै वडामा एक/एक जना लेखाको कर्मचारी व्यवस्थापन गरिनेछ ।

'सिंहदरबारको अधिकार गाउँगाउँमा' भन्ने गणतन्त्र स्थापनापछिको नारालाई सार्थक बनाउन यसले ठूलो भूमिका खेल्ने प्रवक्ता न्यौपानेले बताए । 'वडामा प्राविधिक र लेखाको कर्मचारी व्यवस्थापनसंगै योजनाहरुको लागत इस्टिमेट तयार, सम्झौता, अनुगमन, कार्य सम्पन्नपश्चात् मूल्याङ्कन र भुक्तानीसमेत वडाबाटै हुन्छ', प्रवक्ता न्यौपानेका अनुसार योजनाको भुक्तानीको लागि धेरैपटक नगर पालिका धाउनुपर्ने बाध्यताबाट वडाबासीहरु मुक्त हुने भएका छन् ।

यससंगै बुधबारको बैठकले २०७३ फागुनसम्म नगर पालिका कार्यालयबाट साविक १ देखि ११ नम्बर वडाबाट उपलब्ध गराइएका सिफारिसहरुको प्रतिलिपिहरुको ढड्डा सम्बन्धित वडाहरुमा पठाउने निर्णय गरेको छ । यसले साविक गाविसबाट नगरमा मिसिएका र स्थान परिवर्तन भएका वडाहरुको प्रतिलिपि लिन पालिका गएर ढड्डा उतार गरिरहनुपर्ने झन्झटको अन्त्य भएको प्रवक्ता न्यौपानेले बताए ।

चालु आवको स्थानीय दररेट विश्लेषण स्वीकृत गरेको बैठकले २० लाख रुपियाँभन्दा ठूलो परियोजनाहरुमा दुई प्रतिशत कन्टेन्जेन्सी रकम राख्ने, शिक्षा समन्वय इकाई बसेको सिद्धार्थ माविको भवन खाली गर्न पत्राचार गर्ने र पालिकामा सेवा करारमा कार्यरत् कर्मचारीहरुको बीमा गर्ने निर्णय गरेको छ ।

यसैगरी, आवधिक योजना तयार गर्ने लागेको हेटौंडा उपमहानगरले उक्त कार्यलाई सहजीकरण गर्न कार्यदल गठन गर्ने सैद्धान्तिक सहमति दिने निर्णय गरेको प्रवक्ता न्यौपानेले बताए । कार्यपालिका बैठकले हेभी सवारी चालकको रुपमा कार्यरत् रही केही दिनअघि कामको सिलसिलामा निधन भएका कर्मचारी सञ्जु लोप्चनको परिवारलाई पाँच लाख रुपियाँ आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

### बागमती पहिरो अपडेट:

# ७ महिनाको बालिका मृत फेला

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा पहिरोले घर बगाउँदा करिब ७ महिनाको बालिका मृत फेला परेकी छन् ।



बागमती गाउँपालिका-५, सिक्रे दोभानमा पहिरोले घर बगाउँदा बेपत्ता भएका ७ जनामध्ये बुधवार साँझसम्म ४ जनाको शव फेला परेको र एक जनाको जीवितै उद्दार गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । बुधवार नै बेपत्ता भएकामध्ये अर्को १ जना पुरुष मृत अवस्थामा भेटिएका थिए ।

सिन्धुलीको हरिहरपुर गढी गाउँपालिका-१ कोकरेस्थित बागमती नदीको बीच बगरमा ६० बर्षका अक्कलबहादुर स्याङ्तान मृत अवस्थामा फेला परेको र साँझ करिब ७ महिने बालिका दिब्या पहरी मृतअवस्थामा फेलापरेको मकवानपुरका प्रहरीनायवउपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

बुधबार नै उक्त स्थानमा स्याङ्तानको छोरी २२ वर्षकी शिला पहरी मृत अवस्थामा फेला परेकी थिइन् । अविरल वर्षाको कारण मंगलबार बिहान ४ बजे गएको पहिरोमा परी ७जान बेपत्ता भएकोमा सन्तमाया स्याङ्तानलाई मंगलबार नै उद्दार गरी स्थानीय स्वास्थ्यचौकीमा लैजाँदा मृत्यु भएको थियो । पहिरोले बगाएका सिन्धुली हरिहर पुर-१ कोकटीका बस्ने १७ बर्षीय पासाङ घिसिङलाई मंगलबार बेलुका जीवितै उद्दार गरिएको थियो । उनको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ ।

पहिरोमा बगाएका अक्कलबहादुरका ज्वाई २५ बर्षीय जीवन पहरी, नाती ४ वर्षीय मिलन पहरी अझै बेपत्ता रहेको डिएसपी कार्कीले जानकारी दिए । सुरक्षा निकायले पहिरोमा परी वेत्तपा भएकाहरुको खोजीकार्य निरन्तर जारी राखेको कार्कीले बताए ।


## Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेजमा** B.Sc.CSIT कार्यक्रम अन्तर्गत दोस्रो वर्ष तेस्रो सत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित प्रथम वर्ष प्रथम सत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को ११ औं समूहको **(2080 Batch)** लागि **प्रवेश परीक्षा तयारी कक्षा (Entrance Preparation Class)** सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


# डेंगू संक्रमितको संख्या ४६ जना



हेटौंडा, २४ साउन/ मकवानपुरमा डेंगू संक्रमितको संख्या ४६ पुगेको छ । पछिल्लो २४ घण्टामा २ जनामा संक्रमण पुष्टि भएसँगै संक्रमितको कूल संख्या ४६ पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार २३ जना पुरुष र २३ जना महिला रहेका छन् । यो तथ्याङ्क साउन १ गतेदेखि बुधबारसम्मको हो ।

जिल्लामा सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । यहाँ २० जना पुरुष र २२ जना महिला गरी ४२ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । यसैगरी, मकवानपुरगढी गाउँपालिकामा १ जना महिला, मनहरी गाउँपालिकामा १ जना पुरुष, बकैया गाउँपालिकामा १ जना पुरुष, राक्सिराङ गाउँपालिकामा १ जना पुरुषमा डेंगू संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

साझाकुरा

## हाम्रो कुरा

# यातायातको राजश्वमा नकारात्मक प्रभाव

प्रदेश राजधानी हेटौंडामा रहेको यातायात व्यवस्था कार्यालयबाट गत आव २०७९/८० मा सवारीसाधन करबाट ३४ करोड ८९ लाख रुपैयाँ राजस्व संकलन भएको छ । यो रकम आव २०७८/७९ भन्दा करीब एक करोडले कम रहेको देखिन्छ । प्रदेश सरकारको श्रम रोजगार तथा यातायात मन्त्रालय अन्तरगत पर्ने कार्यालयमा गतवर्ष राजश्व रकम घटेको तथ्याङ्कले देखाएको छ । आव ०७८/७९ मा सवारीसाधन करबाट ३५ करोड ५२ लाख १८ हजार २ सय २८ रुपैयाँ संकलन भएको थियो भने गतवर्ष ३४ करोड ८९ लाख ३३ हजार ९४५ कर राजश्व संकलन भएको कार्यालयले जनाएको छ । सवारी साधन नवीकरण र जरिवानामा आव २०७८/७९ मा बाह्र करोड १३ लाख ८८ हजार ४०६ रुपैयाँ संकलन गरिएकोमा गत वर्ष ११ करोड ३५ लाख ३१ हजार ५२१ रुपैयाँ संकलन गरिएको छ । यातायात क्षेत्रको आम्दानी आव २०७८/७९ मा नौ करोड ३ लाख १६ हजार २९० भएकोमा आव २०७९/८० मा भने ८ करोड ७४ लाख ५६ हजार ६६० भएको छ ।

यातायात कार्यालय विस्तार भएकोले पनि हेटौंडामा गतवर्ष आव २०७९/८० मा करिब डेढ करोड भन्दा बढी रकम राजश्व कम संकलन भएको छ । चालु आवमा पनि अझै राजश्व संकलनमा कमी आउने सम्भावना छ । बागमती प्रदेशमा भन्दा मधेश प्रदेशमा सवारी कर, राजश्व तुलनात्मक रुपमा कम भएका कारण पनि यातायात व्यवसायीहरु मधेश प्रदेशमा गइरहेका छन् । ट्रायल परीक्षाको व्यवस्था सहित चितवनमा कार्यालय सञ्चालनमा आएपछि हेटौंडामा राजश्व संकलन कम हुदैं गएको कार्यालयले जनाएको छ । सेवाग्राही बाँढिएपछि नयाँ सवारी दर्तामा कमी, अन्य प्रदेश भन्दा करदर बागमती प्रदेशमा बढी भएकाले पनि होला राजश्वमा कमी आएको हो । विगतमा दैनिक दुई हजार भन्दा बढी दर्ता नवीकरणको काम गरिन्थ्यो भने अहिले त्यो संख्या वार्षिकमा पुगेको छ । हेटौंडामा आव २०७९/८० मा ठुला र मझौला सवारीसाधन १० वटा सरकारी र निजी क्षेत्रका ४५६ वटा सवारीसाधन दर्ता भएको छ । त्यस्तै, साना सवारीसाधनमा सरकारी २१ वटा र निजी तथा सार्वजनिक ४७८ वटा दर्ता भएको छ । टेम्पो/ईरिक्सामा २ वटा सरकारी र निजी क्षेत्रका २३९ वटा दर्ता भएका छन् । मोटरसाइकल/स्कुटर भने १२२ वटा सरकारी सहित २ हजार ४२३ वटा दर्ता भएको तथ्याङ्कमा देखिन्छ । नयाँ ट्याक्टर भने हेटौंडामा २ सरकारी सहित ५० वटा दर्ता भएको छ । संघीयता आउनुभन्दा अघि नयाँ लाइसेन्स लिन वीरगन्ज जानुपर्ने बाध्यतालाई हटाई प्रदेश सरकारले हेटौंडाबाटै दिने व्यवस्था गरेको थियो । सोही अनुरुप हेटौंडाबाट आव २०७९/८० मा मोटरसाइकल लाईसेन्सका लागि २५ हजार भन्दा बढीले निवेदन दर्ता गराएपनि ९ हजार ९१८ जनालाई लाईसेन्स प्रदान गरिएको छ । स्कुटरका भने तीन हजार १०२ जनालाई प्रदान गरिएको छ । त्यस्तै, साना गाडीको ८४० जनालाई, टेम्पोको १५० जनालाई, ईरिक्साको १८ जनालाई, ट्याक्टरको ११९ जनालाई, जेसिबीको १३४ जनालाई, एक्साभेक्टर (हेभी मेशिन)को २४२ जनालाई नयाँ लाईसेन्स प्रदान गरिएको छ ।

कार्यालयबाट लाईसेन्स थप गर्न आउने सेवाग्राहीमा मोटरसाइकलको एक हजार १७४ जना, स्कुटरको ५२ जना, साना गाडीको एक हजार ६१५ जना, टेम्पोको १९५ जना, ईरिक्साको १४ जना, ट्याक्टरको ३० जना, मिनीबसको ४६ जना, ट्रक, बस, लहरीको ५०२ जना, एक्साभेक्टर (हेभी मेशिन) को ३९ जना र जेसिबीको ३८ जनालाई लाईसेन्स थप प्रदान गरिएको बताइएको छ । नयाँ होस् या पुरानोमा थप गर्ने सेवाग्राही हुन निवेदनको आधारमा ट्रायल पास गर्नेहरुको संख्या पनि कमी रहेको । हेटौंडा कार्यालयबाट सवारीसाधनको सबै वर्गमा सवारीसाधन अनुमतिपत्र नवीकरण सात हजार ६२९ जनाले गरेका छन् भने प्रतिलिपि बनाउनेको संख्या १८८ जना र हनुका साथै नवीकरण पनि प्रतिलिपि लिनेको संख्या १४७ जना रहेको छ । चितवनमा कार्यालय विस्तारले गर्दा राजश्व संकलनमा कमी आएको हो । मकवानपुरमा भन्दा करको दर कम रहेकाले पनि वीरगञ्ज जाने, ठुलो संख्यामा चितवनमा सवारीसाधन विक्री भई नयाँ दर्ता हुने र करको दर बढी रहेकोले पनि राजश्वमा कमी आएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन २६ गते शुक्रबार ११ अगष्ट २०२३ । दशमी, अधिक श्रावण कृष्णपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:३२, सूर्यास्त ६:४४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | बादविवाद बढ्ने | तुला | चिन्ता बढ्ने |
| वृष | घरेलु काममा रुचि | वृश्चिक | मान मर्यादामा वृद्धि |
| मिथुन | प्रयासहरु फलदायी हुने | धनु | लेनदेनको विवाद बढ्ने |
| कर्कट | कुरा काट्नेहरु सक्रियता | मकर | स्वास्थ्यमा सुधार हुने |
| सिंह | बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | कुम्भ | अध्ययनमा प्रगति हुने |
| कन्या | अरुको विश्वास जित्न सकिने | मीन | रोग एवम् चिन्ता बढ्ने |

# बाढीले काठमाडौंमा संक्रामक रोगको जोखिम बढायो



डा.शेरबहादुर पुन

केही दिनयता वर्षाका कारण काठमाडौं उपत्यकालगायत देशका धेरै ठाउँमा बाढी आएको छ, घरहरु डुवानमा परेका छन् । यसबाट हामीले प्रयोग गर्ने पानी र खानेकुरा प्रदूषित भई महामारीको सम्भावना बढेको छ । पानी र खानेकुरा प्रदूषित हुँदा संक्रामक रोगको प्रकोप वा महामारी फैलिने सम्भावना हुन्छ ।

डुबानपछि टाइफाइड, हैजा, लेप्टोइसपाइरोसिस, भाइरल हेपाटाइटिस ('ए' वा 'इ' ), इकोलाई, झाडापखाला र ज्वरोका लक्षण देखिने संक्रामक रोगहरु फैलिन सक्छन् ।

विगतका वर्षमा बर्षातको समयमा स्क्रबटाइफस पनि फैलिएको थियो । हाल पूर्वी नेपालबाट फैलिँदै गरेको डेंगुको जोखिम पनि बाढीपछि ह्वात्तै बढेको छ । बाढीको बेला आएको फोहोर पानी पुराना टायर, ड्रम, खाल्डाखुल्डी आदिमा लामो समयसम्म जम्ने हुनाले लामखुट्टेले आफ्नो वृद्धि विकास सहजै गर्न सक्छ ।

यसकारण काठमाडौंमा आगामी केही दिन वा हप्ता पानीजन्य तथा कीटजन्य रोगको जोखिम धेरै हुन्छ । गत बर्ष पनि काठमाडौंमा हैजा फैलिएको थियो भने डेंगुले महामारीको रुप लिएको थियो ।

'ज्वरो आयो ? टाइफाइड भयो होला !' यस्तो सम्वाद नेपालीको जनजिब्रोमा विगतदेखि नै झुण्डिएको छ । अर्थात् टाइफाइड नेपालीको लागि परिचित र पुरानो रोग हो । यो बर्ष गर्मी सुरु भएसंगै टाइफाइड पुष्टि हुने क्रम बढ्दो छ । हाल काठमाडौंमा आएको बाढीका कारण टाइफाइड अझ फैलन सक्छ ।

संक्रमितको दिसाले खानेपानी प्रदूषित हुन गई टाइफाइडको संक्रमण हुने गर्छ । टाइफाइड खानेकुराबाट पनि सर्छ । बजारमा बिक्री गरिने खानेपानीमा दिसामा पाइने कोलिफर्म जिवाणु भेटिएको समाचारहरु आएका छन् । यस्ता पानीबाट यसबाट टाइफाइड, ज्वरो, सलमोनेला टाइफी र पाराटाइफीको समस्या देखिन सक्छ ।

ज्वरो आउनु, टाउको दुख्नु, थकित हुनु, पेट दुख्नु, वाकवाक लाग्नु, कब्जियत वा पातलो दिसा आउनु, कतिपयको शरीरमा बिबिरा देखिनु यसका प्रारम्भिक लक्षण हुन् । कसैलाई खोकी लाग्ने, घाँटी दुख्ने समस्या पनि देखिन सक्छ ।

यस्ता लक्षणहरु बिरामीमा संक्रमण भएको ६ देखि ३० दिनसम्ममा देखिन सक्छ । बिरामी भएको २ देखि ३ हप्ताभित्रमा जटिलता देखिन सक्छ । यस्ता रोगबाट आन्द्रामा प्वाल पर्ने, रक्तश्राव हुनेजस्ता जटिल समस्या पनि देखिन सक्छन्, त्यसैले सुरुवातमा नै उपचार गरी निदान गर्नुपर्छ ।

हैजा काठमाडौंमा गत वर्ष देखिएको थियो भने २०७८ असोजमा कपिलवस्तुको कृष्णनगर नगरपालिकामा फैलिएको थियो । हैजाको ब्याक्टेरिया पनि संक्रमितको दिसाबाट पानीमा मिसिएर फैलने गर्छ । यो बर्ष हैजा देखिएको पुष्टि त भएको छैन, तर बर्षायाम नसकिँदासम्म जोखिम भने उत्तिकै छ ।

काठमाडौंमा बाढी आएसंगै खानेपानी प्रदूषित भई हैजाको जोखिम पनि बढेको छ । अचानक चौलानी पानी जस्तो दिसा जानु, बान्ता हुनु, पेट दुख्नु, मांशपेशीका बाँउडिनु हैजाका मुख्य लक्षण हुन् ।

संक्रमण भएको १२ घण्टादेखि ५ दिनसम्ममा बिरामीमा हैजाका लक्षण देखिन्छन् । जटिल खालको हैजाको संक्रमण भएमा समयमा उपचार हुन नसके बिरामीको मृत्युसमेत हुन सक्नेछ ।

लेप्टोइसपाइरोसिस विशेषत: बाढी पहिरो गएको ठाउँमा प्रकोपका रुपमा फैलिने गर्छ । विभिन्न अनुसन्धानहरुले पनि बाढीमा लेप्टोइसपाइरोसिस फैलने सम्भावना उच्च हुने देखाएका छन् ।

जनावरहरु र अझ खासगरि संक्रमित मुसाको पिसाबमार्फत यो रोग मानिसमा सर्ने गर्छ । यसको ब्याक्टेरिया खुला छाला (घाउ), आँखा, नाक, मुख आदिबाट शरीरमा भित्रिने गर्छ ।

उच्च ज्वरो, टाउको दुख्नु, जिउ दुख्नु, बान्ता हुनु, आँखा रातो हुनु, पखाला लाग्नु, बिबिरा आउनु यसको मुख्य लक्षण हो । जटिलता बढ्दै गएमा जन्डिस देखिन सक्छ भने बिरामीको कलेजो, मिर्गौला, स्नायुमा (मेनेन्जाइटिस) समस्या निम्त्याउन सक्छ ।

किटजन्य रोग खासगरी मनसुन सुरु भएसंगै देखिने गर्छ । खुला ठाउँका खाल्डाखुल्डीमा पानी जम्ने, घरमा पनि ड्रम वा बाल्टिनमा लामो समय पानी राख्दा यस्तो पानीमा लामखुट्टेले सहजै आफ्नो वृद्धि र विकास गर्छ । हाल सुनसरीको धरानलाई केन्द्र बनाएर लामखुट्टेले डेंगु भाइरस तिब्र गतिमा फैलाउदै गइरहेको छ ।

लामखुट्टेलाई लार्भा वा प्युपा हुँदैमा नष्ट गर्न सकिएन भने डेंगु रोक्न असम्भव प्राय: हुन्छ । वयस्क भइसकेपछि लामखुट्टे घर घरमा पस्छ, दिउँसोको समयमा मानिसहरु काममा व्यस्त हुँदा लामखुट्टे सक्रिय भइदिन्छ । काठमाडौंमा गत बर्ष डेंगुले महामारीको रुप लिंदा हजारौं संक्रमित भए भने धेरै जनाले ज्यान गुमाए ।

यति हुँदा पनि लामखुट्टेको लार्भा नष्ट गर्नेतिर कसैको ध्यान गएको देखिँदैन । त्यसैले काठमाडौंमा डेंगुले फेरि महामारीको रुप नलिएसम्म लार्भा नष्ट गर्नेतिर जाँगर चलाउने सम्भावना देखिदैन । तर साँच्चै त्यस्तो सोच हो भने हाल डेंगु फैलिहाले गत बर्षजस्तै नियन्त्रण गर्न ढिला हुनेछ ।

काठमाडौंमा बाढी आएसंगै धेरै ठाउँमा लामो समयसम्म पानी जम्मा हुने सम्भावना हुन्छ । यस्तो जमेको पानीमा लामखुट्टेले सहजै आफ्नो वृद्धि विकास गर्न सक्छ । हाल काठमाडौंमा धरानको जस्तो समस्या नदेखिए पनि लामखुट्टे बढ्दो क्रममा देखिन्छ भने डेंगु बिरामी पनि फाट्टफुट्ट देखिन थालेका छन् ।

यस वर्ष काठमाडौंमा डेंगुको गत बर्षको जस्तो महामारी देखिने सम्भावना कम भए पनि कुनै पकेट क्षेत्रमा भने धेरै बिरामी भेटिन सक्ने सम्भावना मनसुनभर रहन्छ ।

कोरोना महामारीका बेला मौसमी संक्रामक रोगहरु खासै सतहमा देखिएनन्, तर हाल कोरोना महामारी नदेखिएका बेला भने संक्रामक रोगहरु फेरि बढेको देखिन्छ । बर्षायाम र अझ विशेषत: बाढीजस्तो प्राकृतिक विपत्तिका बेलामा संक्रामक रोगहरुको जोखिम बढी हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवहरुले देखाएका छन् ।

अव्यवस्थित शहरीकरण, ढलको उचित निकासको अभाव, खानेपानीको मुहान तथा वितरण प्रणालीको नियमित अनुगमन नहुँदा असुरक्षित खानेपानी प्रयोग गर्नुपर्ने बाध्यता छ । यो महामारी फैलिने सहज अवस्था हो ।

हाल काठमाडौंलगायत देशभर वर्षात र बाढीको प्रकोप देखिँदा जनधनको सुरक्षासँगै महामारी पनि रोक्ने तयारी गर्न जरुरी छ । किनभने अबको केही दिन वा हप्ता संक्रामक रोग फैलावटको हिसाबले 'क्रिटिकल' समय हो । *(साभार: अनलाइनखबर)*

# आदिवासीप्रति राष्ट्र संघको उपेक्षा

गोविन्द छन्त्याल,
कैलाश राई

राष्ट्र संघले आदिवासीलाई झमेला ठानेको छ, सन् २००४ को विश्व आदिवासी दिवसमा डा. हर्क गुरुङले भनेका थिए । १९९४ देखि विश्व आदिवासी दिवस मनाउन थालियो ।

१९९४-२००४ लाई पहिलो आदिवासी दिवस दशकका रूपमा संसारभर प्राथमिकताका साथ मनाइयो । त्यसकै विश्लेषण गर्दै डा. गुरुङले त्यस्तो टिप्पणी गरेको १९ वर्ष भयो ।

सन् २००४-१४ लाई दोस्रो आदिवासी दशकका रूपमा निरन्तरता दिइयो । ती दुई दशकमा नेपालका आदिवासीहरूको भाषा, धर्म, संस्कृति संरक्षण तथा प्रवर्द्धनको भाष्य निर्माणदेखि भाषिक-धार्मिक-सांस्कृतिक सामूहिक हक-अधिकारको दाबी गर्ने खालका भाष्यहरू बनाइए । आरक्षणलाई समानुपातिक समावेशिताको बृहत्तम विषय बनाइयो । स्वशासन, स्वायत्तता र आत्मनिर्णयको अधिकार, प्रथाजनित कानुन, भूमि-प्राकृतिक स्रोतको सामूहिक अधिकारमा सशक्त दाबी गर्ने तहसम्म आदिवासी आन्दोलन आइपुग्यो ।

आदिवासी दिवसका सन्दर्भमा राष्ट्र संघजस्ता बहुपक्षीय नियोगहरूको भूमिकाबारे चर्चा नगरी सार्थक र बहुपक्षीय बहस हुन सक्दैन । किनकि आदिवासी सवाल कुनै एक निश्चित राष्ट्र, राज्य, भूगोल र समुदायको मात्रै होइन । र, राष्ट्र संघ संसारभरका आदिवासी, सदस्यराष्ट्र र बहुपक्षीय नियोगका प्रतिनिधिबीच संवाद गर्ने-गराउने संयन्त्र हो, जसले आदिवासीका सवाल र सरोकारमा विभिन्न पक्षबीच संवाद र अन्तरक्रिया गराउन सहजीकरण गर्छ । आदिवासीको मानव अधिकार हनन हुँदा, उनीहरूमाथि हिंसा, विभेद र अन्याय हुँदा सम्बन्धित राष्ट्र, बहुपक्षीय नियोग र सम्बन्धित पक्षहरूलाई झकझकाउने, दबाब दिने गर्छ ।

राष्ट्र संघ अनुसार, आदिवासीहरूले मानव अधिकार, वातावरण, विकास, शिक्षा र स्वास्थ्य सम्बन्धी गम्भीर समस्याहरूसँग जुध्नुपरि रहेकाले ती समस्याबाट मुक्त हुनका लागि विश्व आदिवासी दिवसको महत्त्व छ । तर, दिवस मनाउन थालेको तीन दशक कट्नै लाग्दा पनि आदिवासीहरूको जनजीविका जोखिमपूर्ण र संकटग्रस्त नै छ ।

आदिवासीहरूले आफ्नो मुद्दा उठाउने क्रममा हत्या, हिंसा, बलात्कार, थुना, बेपत्ताजस्ता अनेकन् चरम मानव अधिकार हननका घटना भइरहँदा राष्ट्र संघ प्रभावकारी सहजकीरणको पहलमा उभिएको छैन । प्रदेश १ को कोशी नाम खारेजी आन्दोलनमा एक आन्दोलनकारी मारिँदा, दर्जनौंमाथि झुटा मुद्दा लाग्दा, सयौंमाथि अमानवीय ज्यादती गरिँदा होस् या आदिवासीको थातथलो अधिग्रहण गरेर स्थापना गरिएका निकुञ्ज क्षेत्रहरूमा दिनानुदिन आदिवासी महिलामाथि यौन शोषण र बलात्कार हुँदा, आदिवासीमाथि भौतिक तथा मानसिक ज्यादती हुँदा र बर्सेनि हत्या गरिँदासमेत राष्ट्र संघ मौन बस्छ । त्यस्तै, धर्मनिरपेक्ष राज्यमा गौवध हत्या आरोपमा तामाङ, मगर, राई, लिम्बू, शेर्पा, दलित, मुसलमान लगायत जेल पर्दा राज्य तथा सम्बन्धित निकायसँग संवादको पहल गर्नेतर्फ चासो राख्दैन ।

विश्व बैंक, एसियाली विकास बैंक, एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक लगायतका बहुपक्षीय विकास बैंकहरूले राज्यसँगको मिलेमतोमा विकासका नाममा आदिवासीका धार्मिक-सांस्कृतिक-मौलिक पितृस्थल, सम्पदा, थातथलो, सभ्यता अतिक्रमण गर्ने एवं क्षति पुर्‍याउने र मास्ने गरेका छन् । जलविद्युत्, सडक विस्तार, द्रुत मार्ग, सुरुङ मार्ग, हाइटेन्सन लाइनजस्ता विकासे परियोजनाहरूले विकासको आधारभूत अवधारणा बेवास्ता गरेकैले प्रकृति, सभ्यता र मानव जीवनलाई विनाशतर्फ धकेलिरहेका छन् । यसलाई राष्ट्र संघ र मानव अधिकारका संस्थाहरूले गम्भीर रूपमा लिएका छैनन् ।

दिगो विकास, शान्ति निर्माण र मेलमिलापका लागि आदिवासीका भाषाहरू महत्त्वपूर्ण छन् भनी सन् २०१९ लाई 'विश्व आदिवासी भाषा वर्ष दिवस' घोषणा गरियो । तोकिएको लक्ष्य प्राप्तिका लागि राष्ट्र संघको एक एजेन्सी 'युनेस्को' नेपालको भूमिका प्रभावकारी र हेन । उदाहरणका लागि, विश्वसम्पदामा सूचीकृत काठमाडौंका सम्पदा क्षेत्रहरूका नाम, सूचना पाटी, तीबारेको जानकारी नेपाली र अंग्रेजी भाषाबाहेक सम्बन्धित क्षेत्रका रैथाने भाषामा उपलब्ध छैनन् । युनेस्कोकै संयोजकत्वमा आदिवासीको भाषा, संस्कृति, सम्पदा (मूर्त/अमूर्त) संरक्षण, पुनर्ताजगी, प्रवर्द्धन गर्ने लक्ष्यका साथ आदिवासी भाषा दशक (सन् २०२२-३२) मनाइरहेका छौं । यो दशकको सदुपयोग कसरी गरिएला, चासो र सन्देहको विषय बनेको छ ।

नेपालजस्ता विकासशील देशका नागरिकहरू दिनानुदिन रोजगारीका लागि देश छाड्न बाध्य छन्, जसमा आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम लगायत पीँधका बहिष्कृतहरूको हिस्सा अत्यधिक छ । आप्रवासी कामदारहरूले झेलिरहेका अनेक समस्या, जोखिम, असुरक्षा, स्वास्थ्य र कठिनाइप्रति राज्य सरकार अनि राष्ट्र संघ पनि गम्भीर छैनन् । त्यस अर्थमा नेपाली राज्य र मानव अधिकार रक्षक संयन्त्रका रूपमा रहेको राष्ट्र संघबीच तात्त्विक भिन्नता खुट्याउने पक्षहरू धमिलो बन्दै गएका छन् । राष्ट्र संघ कुनै पनि राज्य व्यवस्थाअनुकूलित तथा राज्य सरकारले जनताका लागि काम गर्छु भनेर छारो हाल्न खोजेझैं गर्ने संयन्त्र होइन । तर राज्य व्यवस्थाकै पदचाप प्यारो मानेझैं देखिन्छ ।

राष्ट्र संघले नागरिकहरूको बृहत्तर मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरू बनाउने, जारी तथा घोषणा गर्ने गर्छ । अभि/महासन्धि, बडापत्र, घोषणापत्र, संकल्प आदि दस्तावेजको चाङ लगाउँछ । दिवस घोषणा गर्छ । राष्ट्र संघकै पात्रो अनुसार ३६५ दिनमा २०९ वटा – आदिवासी, महिला, मजदुर दिवस, मातृभाषादेखि शौचालयसम्मका – विश्व दिवसहरू छन् । के ती दिवस औचित्यपूर्ण र उपलब्धिप्राप्तिमा सहयोगी छन् ?

आन्दोलनकै बलबाट स्थापित भएको विश्व आदिवासी दिवस आदिवासीहरूमाथि भएका र हुने विभेद, हिंसा र शोषणहरूविरुद्ध प्रतिरोध र प्रतिकार गर्ने विशेष सन्दर्भ हो । सरकार तथा निजी क्षेत्रमा आदिवासीको हक-अधिकार हनन भएकामा सशक्त एवं सामूहिक हस्तक्षेप र खबरदारी गराउनका लागि यो दिवस मनाइन्छ । दिवस मनाउने क्रममै विश्वका आदिवासीहरू आपसमा जोडिन, गोलबद्ध हुन र अनुभवहरू साटासाट गर्दै खारिन थाले । तब, जुनसुकै शासकीय व्यवस्था र समाजमा रहेको सामाजिक, सांस्कृतिक, जातीय विविधतालाई अंगीकार गर्ने थिति बसाल्न मद्दत पुग्यो ।

विडम्बना, आदिवासी दिवसलाई बदलिँदो परिवेश र गतिशीलता अनुरूप परिष्कृत ढाँचामा विकास गरी मुद्दालाई सशक्त ढंगमा अघि सार्ने अवसरका रूपमा स्थापित गर्ने चेत र ल्याकत राख्न सकेनौं । पछिल्लो दशकमा संश्लेषित कुरा– आदिवासी आन्दोलनको पहिलो रोग दलीयकरण वा सहवरण र दोस्रो रोग एनजीओकरण हो ।

आदिवासी सवाल स्थापित गर्न 'दल सब थोक हो' भन्ने एउटा जब्बर मान्यता आन्दोलनमा छ । तर कस्तो र कसको दल, कसको र कस्तो राजनीति ? घोत्लिने अभ्यास छैन । आदिवासीहरूले राजनीति गर्नैपर्छ भन्ने मान्यता पनि उत्तिकै बलियो छ । तर 'आदिवासीका लागि, आदिवासीद्वारा, आदिवासीको राजनीति' भनेको के र कस्तो हो ? कसरी गरिनुपर्छरु? आन्दोलनले बृहत्तर र सूक्ष्म रूपले विश्लेषण नगरेसम्म नयाँ-नयाँ रूपरंगका 'दलीय झोले' हरू नै जन्मिइरहनेछन् । आन्दोलनलाई आन्दोलनका रूपमा ग्रहण गरी भाष्य बनाउनेभन्दा पनि 'भिजन,' 'मिसन', 'गोल' र 'आउटपुट' मा सीमित पारी दाताको खाकाको घेराभित्र परियोजनाकरण गरिँदा आदिवासी आन्दोलन विस्तार हुन नसकेको तीतो यथार्थ छँदै छ ।

समुदायकै मुद्दाकेन्द्रित प्रभावशाली अभियन्ता राष्ट्रिय-अन्तर्राष्ट्रिय फोरमहरूमा प्रभावहीन र पहुँचविहीन छन् । 'बोल्नेको पीठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन' भन्ने उक्ति त्यस्ता थलाहरूमा लागू हुन्छ, जुन आदिवासी मूल्य-मान्यता र विशेषताविपरीत छ । त्यस्ता थलाहरूमा आफ्नै मान्यता र विशेषताविपरीत जाने ल्याकत र ध्याउन्न राख्ने आदिवासी समुदायका प्रतिनिधिहरूकै जगजगी हुन्छ ।

पाँच महिनादेखि अविराम चलिरहेको कोशी नाम खारेजी आन्दोलनमा राष्ट्रिय-अन्तर्राष्ट्रिय संयन्त्रमा पहुँच भएकाहरूको सहभागिता आशावादी छैन । जर्सिङपौवामा हाइटेन्सन लाइनले तामाङ समुदायलाई विस्थापित गरेविरुद्धको आन्दोलन होस् या आदिवासी समुदायको प्रथाजनित अभ्यासको मनोमानी व्याख्याविरुद्धको संघर्षमा भर्खरै टेकु परिसरमा भएको दमनविरुद्ध, भुइँतहका सीमित अभियन्ता नै डटिरहेका छन् । तैपनि समुदायको प्रतिनिधिमूलक संस्था र समुदायमा काम गरिरहेका नेतृत्वभन्दा अन्तर्राष्ट्रिय संयन्त्रहरूमा 'राम्रो' सम्बन्ध बनाएका निश्चित संस्था तथा प्रतिनिधिमार्फत नेपालको समग्र आदिवासी आन्दोलन बुझ्ने प्रयास गरिन्छ । यसले समुदायको सामूहिकता, प्रथाजनित संस्थाहरूको आधिकारिकता तथा औचित्य कमजोर बनाउँछ । त्यसो त आदिवासी संस्थाको नेतृत्व छनोट प्रक्रिया पनि समस्यामुक्त छैन । आदिवासी अधिकार सुनिश्चितताका निम्ति प्रथाजनित कानुन र संस्था ब्युँताउन वकालत गर्छौं । तर त्यस्तै प्रकृतिका संस्थाहरूलाई बलियो बनाउन पनि सकिरहेका छैनौं ।

मुद्दाहरू एकपछि अर्को गर्दै विभिन्न स्वरूपमा सतहमा ल्याइए । तिनलाई बृहत्तर आन्दोलनको मूलप्रवाहमा ल्याउने खालको भाषा निर्माण, व्याख्या तथा विश्लेषण गर्न सकिएको छैन । जस्तै– हाक्पारे, झाम्रे, ठाडो भाका, खेली सोरठी, रोदी, पालाम, झुम्रा, सिली लगायतका ठेट सांस्कृतिकपनले आन्दोलनको पुँजी स्थापित गर्छ । तर बजारीकरणले यस्ता आदिवासीय सत्त्वलाई नाफाघाटामा तौलिन्छ । मौलिकपन, भाका, लय सबै उतै कतै छुट्छ । तिनको यान्त्रिक स्वरूपले बजार धान्छ । आन्दोलनको मौलिकता र सत्त्व दुर्लभ भइदिन्छ ।

आन्दोलनले पुँजीवादी चरम औपनिवेशिकता स्विकार्न थाल्यो । ल्होसार/ल्होछार, माघे संक्रान्ति/माघी, उँधौली-उँभौली/चासोक तङनाम, भिन्तुना, जात्रा आदि चाडहरू मौलिक तौरतरिकाबाट मनाउने क्षमता समुदायले गुमाउँदै गयो । यस्ता दिवसमार्फत प्रतिरोधी क्षमता बलियो बनाउँदै लानुपर्ने हो, त्यो भइरहेको छैन ।

त्यसै गरी, जोसुकै व्यक्तिप्रतिको सफदयी न्यानो स्वागत-सत्कार-सम्मान आदिवासी समाजको निहित गुण हो । त्यस्ता आदिवासीय गुणको अभावले ती आन्दोलन गैरआदिवासी (खास गरी ब्राह्मण-क्षत्री) प्रति लक्षित भएको बुझाइ दह्रो छ । जबकि यो कुनै व्यक्ति, समुदायलक्षित नभएर एकल सांस्कृतिक-लिंगीय-जातीय राज्यको चरित्र र संरचना बदलेर बहुलतायुक्त बनाउने आन्दोलन हो । यो पालि आदिवासी दिवस कोशी नाम खारेजी आन्दोलनमा केन्द्रित हुनुपर्थ्यो । आन्दोलनकारीको आत्मबल बढाउनमा, सहिद-घाइतेको योगदान र आन्दोलनको एजेन्डाप्रति जिम्मेवार हुनुपर्थ्यो । अहिले, मुठी छरी मुरी उमार्ने याममा अर्मपर्म गरेझैं आदिवासी समुदाय आपसमा जुट्दै विभिन्न आन्दोलनसँग सम्बन्ध र सहकार्य विस्तार गर्ने बेला हो ।

किनकि जनजाति आन्दोलनको स्वरूप परिवर्तन गर्ने, आन्दोलनद्वारा स्थापित मुद्दा सशक्त रूपमा प्रस्तुत गर्ने र नवीन भाष्यहरू निर्माण गर्दै नयाँ शिराबाट आन्दोलन अघि बढाउने दिन हो– विश्व आदिवासी दिवस ।

*(साभार: ई-कान्तिपुर)*

# उच्चस्तरीय समिति बनाउन किन तयार भएन सरकार ?



काठमाडौं/प्रमुख प्रतिपक्षी नेकपा एमालेले सुन तस्करी प्रकरणका लागि छानबिन गर्न उच्चस्तरीय समिति गठन हुनुपर्ने भन्दै दुई सातादेखि संसद् अवरोध गरिरहेको छ ।

उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मंगलबार संसद्लाई सुनकाण्डबारे जवाफ दिँदै ६० दिन (अब ३८ दिन बाँकी) प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) लाई विश्वास गरिदिन आग्रह गरे । तर, गृहमन्त्रीको सम्बोधनलाई 'इमोसनल ब्ल्याकमेलिङ' र 'निबन्ध'को संज्ञा दिँदै एमालेले फेरि संसद् अवरोध गरेको छ ।

सुनकाण्डमा सरकारी संयन्त्रकै संलग्नता हुनसक्ने आधारहरु देखिएकाले उच्चस्तरीय छानबिन समिति वा आयोग बन्नुपर्ने एमाले प्रमुख सचेतक पदम गिरी बताउँछन् ।

'सरकार समिति बनाउने कुरामा तयार नभएसम्म संसद् अवरोध जारी रहन्छ, बरु समिति कस्तो हुने भन्ने मोडालिटीमा छलफल गर्न सकिन्छ', उनले अनलाइनखबर सँग भने, 'व्यवसायिक ज्ञान र दक्षतासँगै स्वच्छ छवि भएका पूर्वन्यायाधीश, पूर्वप्रहरी वा पूर्वप्रशासकहरु वा यस विषयसँग ज्ञान राख्ने अरु विज्ञलाई राखेर समिति बनाउँ भन्ने हाम्रो पार्टीको अडान हो ।'

सुन तस्करी प्रकरणमा जोडिएका 'हाई प्रोफाइल'हरुलाई सीआईबीले तान्न नसक्ने भन्दै गिरीले भने, 'आयोग बन्ने वित्तिकै यसमा तस्करसँग जोडिएका मन्त्रीदेखि ठूला नेतासम्म छानबिनमा तानिने स्थिति रहन्छ ।'

उच्च पदस्थ नै तानिने भएकाले सरकार उच्चस्तरीय छानबिन समिति बनाउन तयार नभएको उनको आरोप छ । तर, महान्यायधिवक्ता डा. दिनमणि पोखरेल सुन प्रकरण संगठित अपराध भएकाले यसमा प्रहरीबाहेक अरुलाई अनुसन्धान गर्ने अधिकार नभएको बताउँछन् ।

'सुन प्रकरणको अनुसन्धानका क्रममा यो संगठित अपराध भएको संकेतहरु देखिएपछि राजश्व अनुसन्धान विभागबाट प्रहरीलाई छानबिनका लागि जिम्मा लगाइएको हो', उनले भने, 'यो फौजदारी अपराध भएकाले अनुसन्धान गरेर अदालतमा अभियोग लैजानुपर्ने विषय भएकाले पनि यसमा प्रहरीबाटै अनुसन्धान हुनुपर्छ ।'

कानूनले नै संगठित अपराधमा अनुसन्धान गर्ने जिम्मा प्रहरी, अभियोग गर्ने जिम्मा सरकारी वकिल र न्यायिक छिनोफानोको जिम्मा अदालतलाई दिएकाले त्योभन्दा बाहिर सोच्नु नहुने उनले बताए ।

'फौजदारी प्रकृतिको घटनामा प्रहरीभन्दा बाहिर गएर हुने अनुसन्धानले कतै पुऱ्याउँदैन', पोखरेलले थपे, 'ललितानिवास जग्गा प्रकरणमा पनि पहिले एउटा आयोगको प्रतिवेदन थियो, तर प्रहरीले फेरि छुट्टै अनुसन्धान गरेर अहिले मुद्दा दर्ता हुने प्रक्रियामा छ ।'

आयोग वा छानबिन समितिले सरकारलाई सुझाव दिने तर, त्यो कार्यान्वयनका लागि बाध्यात्मक स्थिति नहुने समेत उनले बताए। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले एमालेसँग पटकपटक छलफल भइरहे पनि यसका नेताहरुले गम्भीर अनुसन्धानलाई विषयान्तर गर्न खोजेको आरोप लगाए ।

'कानूनी प्रक्रिया चलिरहेको छ, यस्तोमा एमालले जे विषय उठाइरहेको छ, त्यसले विषयान्तर मात्र गर्न खोजेको छ', उनले भने, 'उहाँहरु नै सरकारमा भएका बेला बनेको आयोग वा समितिको कुन चाहिँ प्रतिवेदन सार्वजनिक भयो ? कुन चाहिँ कार्यान्वयनमा आयो ?'

**मुद्दा दर्ता नभइ समिति नबनाउने सरकारी अडान**

राजश्व अनुसन्धान विभागले ३ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको जाँच पास पार गरेर बाहिरिएको झण्डै एक क्वीन्टल सुन बरामद गरेको थियो ।राजश्व अनुसन्धान विभागले १९ दिनसम्म राजश्व चुहावटको कसूरमा मात्रै अनुसन्धान गरेर प्रहरीलाई थप छानबिन जिम्मा लगाएको छ ।

संगठित अन्तरदेशीय सम्बन्ध देखिएको सुन प्रकरणको अनुसन्धान अहिले यस मामला हेर्ने प्रहरीको विशिष्टिकृत निकाय केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले गरिरहेको छ ।

एमालेले लगातार छानबिन समितिको माग गरिरहेपछि प्रधानमन्त्री प्रचण्डले पनि प्रहरी प्रमुख वसन्तबहादुर कुँवर, महान्यायाधिवक्ता डा. दिनमणि पोखरेललगायत सरकारी अधिकारीहरुसँग छलफल गरेका छन् । त्यसक्रममा प्रहरीले पनि अहिले छानबिन समिति गठन हुँदा अनुसन्धान 'मिसलिड' हुनसक्ने राय दिएको छ ।

'अहिल्यै छानबिन समिति बन्दा अनुसन्धानका क्रममा गोप्य रहनुपर्ने विषयहरु बाहिर आउनसक्छन्, संगठित अपराध अनुसन्धानमा कतिपय कुरा लामो समयसम्म गोप्य राखेर छानबिन गर्नुपर्ने हुनसक्छ ।

ती विषयहरु पनि समिति गठन हुँदा बाहिर आउनसक्ने भएकाले तत्काल छानबिन समिति बनाउनु हुँदैन', प्रहरी अधिकारीहरुको भनाइ उदृत गर्दै स्रोतले भन्यो, 'बरु मुद्दा दर्ता भइसकेर छानबिन गर्दा उपयुक्त हुन्छ ।' गृहमन्त्री नारायणकाजी श्रेष्ठ पनि तत्काल छानबिन समिति बनाउने पक्षमा छैनन् । उनले संसदमै मुद्दा दर्ता हुनु अघिसम्म प्रहरीलाई विश्वास गर्न आग्रह गरेका छन् ।

गृह मन्त्रालयका अरु अधिकारीहरु पनि विगतमा निर्मला पन्त बलात्कारपछि हत्या प्रकरण र साढे ३३ किलो सुन प्रकरणमा बनेको छानबिन समितिलाई संकेत गर्दै समिति बनाउन उपयुक्त नहुने बताउँछन् ।

कञ्चपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको १० साउन २०७५ मा भएको बलात्कारपछि हत्या प्रकरणमा गृह मन्त्रालयले तत्कालीन सह-सचिव हरिप्रसाद मैनालीको नेतृत्वमा समिति बनाएको थियो ।

समितिले 'पन्तको बलात्कार एक जना व्यक्तिबाट मात्रै भएको हुनसक्ने सम्भावना कम देखिएको र अन्यत्रै हत्या गरेर उखुबारीमा फालिएको हुनसक्ने' निष्कर्ष दिएको थियो । तर, केन्द्रीय प्रहरी विधि विज्ञान प्रशागशालामा भएको जाँच र प्रहरी अनुसन्धानले घटनामा एक जनाको मात्र संलग्नता रहेको देखाएको थियो । घटनास्थल पनि शव भेटिएकै स्थानलाई अधिकृतहरुले मानेको थियो ।

त्यसैले छानबिन समितिले अनुसन्धानलाई झन् गिजोलेको अधिकारीहरु बताउँछन् । पछि प्रहरी प्रधान कार्यालयले तत्कालीन एआईजी धिरु बस्न्यातको नेतृत्वमा बनेको समितिको प्रतिवेदन समेत खारेज गरेको थियो ।

सुन प्रकरणमा पनि निजामती कर्मचारीको नेतृत्वमा बनेको छानबिन समितिले अनुसन्धानलाई गलत ट्याकमा लगेको भन्दै तीन पूर्वप्रहरी उच्च अधिकृतहरुले अनुसन्धान भइरहेकै बेला सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

पूर्वएआईजी राजेन्द्रसिंह भण्डारी, पूर्वडीआईजी हेमन्त मल्ल र रमेश खरेलले पत्रकार सम्मेलन गरेर बदनियतपूर्ण तरिकाले अनुसन्धान अधिकारीहरुलाई नै आरोपित बनाइएको भन्दै गृह मन्त्रालयको नियतमाथि प्रश्न उठाएका थिए । प्रहरीले संगठित अपराध अनुसन्धानमा गर्ने 'कोभर्ट अपरेशन'को मर्मलाई समितिले नबुझेको उनीहरुले आरोप लगाएका थिए ।

पूर्वडीआईजी मल्ल अहिलेको सुन प्रकरणमा पनि अनुसन्धान हुनु अघि छानबिन समिति बन्नु नहुने राय राख्छन् । 'छानबिन समिति नै चाहिँदैन भन्न खोजेको होइन, तर यो उपयुक्त समय हो कि होइन भन्ने प्रश्न हो', उनले अनलाइनखबरसँग भने, 'यसअघि विभिन्न प्रकरणमा छानबिन वा उच्चस्तरीय समिति बनेर ओभरल्याप हुँदा अनुसन्धान नै गिजोलिएर समस्या भएका थुप्रै उदाहरणहरु छन् ।'

यद्यपि, प्रहरीले फौजदारी अभियोगमा मात्रै अनुसन्धान गर्ने हुँदा त्यसमा सबै विषय नसमेटिने भएकाले छानबिन समिति भने बन्नुपर्ने उनले बताए । 'सुन प्रकरण भनेको गम्भीर र फराकिलो दायरा भएको कुरा हो, यसमा प्रशासनिक कमजोरी, स्रोत, साधनको पक्षमा हुने कमी जस्ता विषयहरु हुन सक्छन्', उनी भन्छन्, 'त्यसबारे सरकारलाई सल्लाह, सुझाव दिने गरी अनुसन्धानपछि समिति बनाइनु पर्छ ।'

फौजदारी कानूनका जानकार अधिवक्ता सुवास आचार्य प्रहरीलाई प्रतिपक्षले सरकारसँग मात्र जोडेर हेर्नु नहुने बताउँछन् । 'प्रहरी भनेको स्थायी संयन्त्र हो, राज्यको निकाय हो, यसलाई विश्वास नगर्नु भनेको कानून नमान्नु हो', उनी भन्छन्, 'बरु उसले गरेको अनुसन्धान ठिक भएन भने प्रश्न गर्न सकिन्छ । पछि त्योबारे छानबिन गर्न सकिन्छ । तर, बाहिरका व्यक्तिहरुले छानबिन गर्नुपर्छ भन्नु ठिक होइन ।'

अनुसन्धान अगावै प्रहरीलाई विश्वास गर्दा पछि प्रतिपक्षीमा हुँदा सबैले प्रहरी अनुसन्धानलाई नमान्ने गलत थिति बस्न सक्ने उनले बताए ।

**छानबिन समितिको खराब विगत**

प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार हरिबोल गजुरेल विगतमा बनेका छानबिन समितिहरुको नतिजा के भयो भन्ने हेर्न सुझाउँछन् । 'मल्लिक आयोगको प्रतिवेदन अहिलेसम्म सार्वजनिक भएको छ ?', उनले प्रश्न गरे, 'अरु कुन-कुन समितिको प्रतिवेदन सार्वजनिक भए, त्यसको नतिजा के आयो ?' समितिभन्दा पनि परिणामलाई जोड दिनुपर्ने उनी बताउँछन् ।

हुन पनि विगतमा गठन भएको केही छानबिन समिति अनुसन्धानको दायरालाई फराकिलो बनाउनभन्दा पनि कतिपय अवस्थामा अनुसन्धानलाई नियन्त्रणमा राख्न बनाइएका जस्ता देखिन्छन् ।

सुन तस्करका भरिया सनम शाक्य १९ फागुन २०७४ मा मारिएपछि बनेको तत्कालीन सहसचिव ईश्वरराज पौडेल नेतृत्वको समितिले पनि त्यस्तै परिस्थिति सामना गर्नुपऱ्यो ।

पौडेल नेतृत्वको अनुसन्धान समिति जब तत्कालीन सरकार निकट एक व्यवसायी नजिक पुग्यो, त्यसपछि समितिको म्याद थप भएन । थप छानबिनका लागि म्याद थप गरिदिन भन्दै तत्कालीन प्रधानमन्त्री केपी ओली भेट्न पुगेका पौडेल फाइल बुझाउने निर्देशन लिएर फर्किए ।

चार वर्षमा भएको भनिएको झण्डै ३८ क्वीन्टल सुन तस्करी प्रकरणको छानबिन त्यसपछि रोकिएको थियो । समितिका पदाधिकारीले त्यसपछि आकर्षक पोष्टिङ पाएका थिए । त्यसमा थप अनुसन्धान गर्नुपर्ने थुप्रै विषय र सुझावहरु राखिएको भएपनि अहिलेसम्म फाइल खुलेको छैन ।

यसपछि तत्कालीन छानबिन समितिका अधिकारीहरु नै असन्तुष्टि व्यक्त गर्छन्। त्यसबेला टोलीले बुझाएको प्रतिवेदन गृह मन्त्रालयभित्रै अलपत्र छ ।

यद्यपि, जानकारहरु सुन तस्करी प्रकरणमा २०४६ सालपछि बारम्बार एउटै नामहरु जोडिरहेकाले समग्रमा अनुसन्धान अघि बढाउने गरी वृहत छानबिन हुनुपर्ने बताउँछन् । तर, त्यसले अहिले जारी अनुसन्धानलाई प्रभावित पार्नु नहुने जानकारहरुको भनाइ छ ।

(स्रोत: अनलाइनखबर)

# सिटिजन्स बैंकका ग्राहकलाई रिगल हेटौंडा रिसोर्टमा १५ प्रतिशत छुट

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ सिटिजन्स बैंक लिमिटेड र मकवानपुरको हेटौंडास्थित रिगल हेटौंडा रिसोर्टबीच सिटिजन्स बैंकका ग्राहकलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङका ग्राहकले रिगल हेटौंडा रिसोर्टमा १५ प्रतिशतसम्मको छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुको साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

साथै बैंकका ग्राहकले काठमाडौंको पुतलीसडकस्थित हटपिज रेस्ट्रोमा पनि १० प्रतिशत छुट पाउनेछन् । बैंकले डिजिटल बैंकिङ माध्यमको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय-समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ ।

सिटिजन्स बैंक इन्टर नेसनलले देशैभरका १८८ शाखा, १४७ एटिएम, ३ विस्तारित काउन्टर र ९७ शाखारहित बैंकिङ इकाइबाट १६ लाख २५ हजारभन्दा बढी ग्राहकलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ । हेटौंडाको पारिजातपथ, मनहरी बजार र रजैयामा बैंकको शाखा कार्यालय रहेको छ ।

# सत्तापक्षले संसदमा दादागिरी देखायो: सांसद बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका सचेतक महेश बर्तौलाले संसदमा प्रतिपक्षका विषय उठान गर्न नदिनका लागि सत्तापक्षले संसदमा दादागिरी देखाएको बताएका छन् । बुधबार बसेको प्रतिनिधिसभाको बैठकपछि सञ्चार कर्मीसँग कुरागर्दै उनले यस्तो बताएका हुन् ।

सचेतक बर्तौलाले बैठकमा प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका सांसद सूर्यबहादर थापाले धारणा राख्दै गर्दा सत्तापक्षका सांसदले उठेर विरोध गर्नु दादागिरी भएको बताए । उनले सत्तापक्षको दादागिरी देख्दा सरकार संसद् चलाउन नचाहने स्पष्ट भएको बताए । उनले प्रतिपक्षले बोल्दै गर्दा सत्तापक्षका सांसदले संसदीय मर्यादाबाहिर गएर विरोध गरेको बताए । सचेतक बर्तौलाले संसदलाई द्वन्द्वतर्फ लैजान सरकार तयारीका साथ अघि बढिरहेको आरोप लगाए ।

# प्रधानाध्यापक छनोट गर्ने अधिकार जिल्लामा फर्काउने तयारी

काठमाडौं/सरकारले संसदमा पेश गर्न लागेको विद्यालय शिक्षा सम्बन्धी विधेयकले प्रधानाध्यापकको नियुक्ति जिल्ला शिक्षा कार्यालयमा फर्काउने व्यवस्था गरेको छ ।

विधेयकमा भनिएको छ- 'विद्यालय प्रधानाध्यापक छनोटको लागि जिल्ला शिक्षा कार्यालयको प्रमुखको अध्यक्षतामा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखा प्रमुख र जिल्ला शिक्षा कार्यालयले तोकेको शिक्षाविद् रहेको तीन जना सदस्य छनोट समिति रहनेछ ।'

संविधानले विद्यालय तहको स्थापना तथा सञ्चालन स्थानीय तहलाई दिए पनि विधेयकले जिल्ला शिक्षा कार्यालय ब्युँताउने र प्रधानाध्यापक छनोट अधिकार कार्यालयमा फर्काउने प्रयास गरेको देखिन्छ ।

कतिपय स्थानीय तहहरूले आफ्नो मातहतमा विद्यालय तह आइसकेपछि कार्यविधि बनाएर पालिका अन्तर्गतका विद्यालयहरूमा खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक नियुक्त गर्ने अभ्यास थालिसकेका छन् भने कतिपय यो अभ्यासको तयारीमा छन् । तर, यहीबीच आएको विधेयकले भने स्थानीय तहको उक्त अधिकार खोसेर जिल्लामा फर्काउने व्यवस्था गरेको छ ।

विधेयकको व्यवस्थाले विरोधाभास देखिएको बाँकेको कोहलपुर नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा अधिकृत रविलाल मिजार बताउँछन् ।

विकेन्द्रीकरणको सिद्धान्त अनुसार पालिकादेखि विद्यालय अथवा वडामा जानुपर्ने अधिकार जिल्लामा फर्काउनु उल्टो हुनुको साथै संविधानको मर्म विपरीत भएको उनको भनाइ छ । मिजार भन्छन्, 'संविधानले स्थानीय तहमा र तहमार्फत विद्यालयलाई दिएको अधिकार जिल्लामा फिर्ता लैजान खोज्नु संविधानको मर्मविपरीतको काम हो ।'

कोहलपुर नगरपालिका खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक नियुक्त गर्ने पहिलो पालिका हो । कोहलपुरले दुई वर्षअघि खुला प्रतिस्पर्धाबाट पालिकाभित्रका ३० विद्यालयमा प्रधानाध्यापक छनोट गरेको थियो ।

पालिकाले शिक्षक दरबन्दी मिलान गरेपछि रिक्त भएका र त्यसपछि रिक्त भएका प्रधानाध्यापक पदमा विज्ञापन मार्फत दरखास्त आफवान गरेर खुला प्रतिस्पर्धाबाट छनोट गरेको हो । सम्बन्धित विद्यालयको सम्बन्धित तहको स्थायी शिक्षकलाई प्रधानाध्यापक बनाउनका लागि यो विधि अपनाइएको मिजारले बताए ।

उनको भनाइ अनुसार कोहलपुर नगरपालिकाले शिक्षा नियमावली अनुसार विद्यालय प्रधानाध्यापक तथा शिक्षक करार समिति मार्फत प्रधानाध्यापक छनोट गरेको थियो । उनले थपे, 'विद्यालय व्यवस्थापन समितिले खुला प्रतिस्पर्धाका लागि विज्ञापन गरेर विव्यस अध्यक्षको संयोजकत्वमा बनेको पदपूर्ति छनोट समितिले सिफारिस गरेपछि पालिकाले नियुक्ति गरेको हो ।'

पालिकाका शिक्षा शाखा प्रमुख, शिक्षा समन्वय इकाइ प्रमुख, दुई जना विज्ञ (एक जना माध्यमिक तह दोस्रो श्रेणी शिक्षक र एक जना प्राध्यापक) सहितको पाँच सदस्यीय छनोट समितिले सिफारिस गरेको थियो ।

बाँकेपछि भक्तपुरको सूर्यविनायक नगरपालिकाले पनि यही शैक्षिक सत्रदेखि खुला प्रतिस्पर्धाबाट ३० विद्यालयमा प्रधानाध्यापक छनोट गरेको छ । सूर्यविनायक नगर पालिकाले 'सामुदायिक विद्यालय प्रधानाध्यापक नियुक्ति कार्यविधि, २०७९' बनाएर सोही कार्यविधिले तोकेको मापदण्ड अनुसार विज्ञापन आह्वान गरेर प्रक्रिया थालेको नगर पालिकाका प्रवक्ता रवीन्द्र सापकोटाले बताए ।

पालिकाले खुला प्रतिस्पर्धा मार्फत प्रधानाध्यापक छनोटको लागि प्रा.डा.मनप्रसाद वाग्लेको संयोजकत्वमा पाँच सदस्यीय सिफारिस समिति (सबै प्रा.डा. तहका व्यक्तिहरू सम्मिलित) बनाएको थियो ।

सोही सिफारिस समितिले मूल्यांकन गरेर सिफारिस गरेको आधारमा सहजीकरण समिति (पालिकाका प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा बनेको) ले प्रधानाध्यापक नियुक्त गरेको थियो ।

लामो समयपछि ऐन बनाउनको लागि आएको विधेयक संविधानविपरीत व्यवस्थासहित आएको प्रवक्ता सापकोटा बताउँछन् ।

(अनलाइनखबर)

# मकवानपुरभित्र क्षतिपूर्ति निर्धारण समितिको पदाधिकारी तोक्ने मन्त्रिपरिषद्को निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ संघीय सरकारको मन्त्रिपरिषद् बैठकले हेटौंडा-डल्केबर-इनरुवा ४०० केभीए प्रसारण लाइन आयोजनाको लागि मकवानपुरमा जग्गा र संरचनाको क्षतिपूर्ति निर्धारणका लागि प्रक्रिया अगाडि बढाउने गरी निर्णय गरेको छ ।

२३ साउन मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले हेटौंडा-डल्केवर-इनरुवा ४०० केभीए प्रसारण लाइन आयोजनाको मकवानपुर भित्रमा प्रसारण लाइनको अधिकार क्षेत्रभित्र पर्ने जग्गा र सोभित्र रहेको संरचनाको क्षतिपूर्ति निर्धारण गर्न समितिको अध्यक्ष र सदस्य तोक्ने निर्णय गरेको हो । यद्यपि, अध्यक्ष र सदस्यको नामावली भने सार्वजनिक गरिएको छैन । मन्त्रिपरिषद्ले प्रसारण लाइन आयोजनाको सुनसरी, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र मकवानपुर भित्र प्रसारण लाइनको अधिकार क्षेत्रभित्र पर्ने जग्गा र सोभित्र रहेको संरचनाको क्षतिपूर्ति निर्धारण गर्न समितिको पदाधिकारी तोकेको हो ।

मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्न बुधबार सञ्चार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले क्षतिपूर्ति निर्धारणका लागि समितिको पदाधिकारी तोक्ने निर्णय भएको जानकारी दिइन् । यस्तै, प्रसारण लाइनले अधिग्रहण गर्ने भएपछि हेटौंडा उपमहानगरपालिका, मनहरी गाउँपालिकाका नागरिकले जग्गा र जग्गामा बनेका संरचनाको क्षतिपूर्ति पाउने भएका छन् । यसअघि नेपाल विद्युत प्राधिकरणले जर्वजस्ती आयोजनाको काम अगाडि बढाउन खोजेको भन्दै नागरिकहरु आन्दोलित भएका थिए ।

यसैगरी, मन्त्रिपरिषद्ले राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० स्वीकृत गरेको मन्त्री रेखा शर्माले जानकारी दिएकी छन् । मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिबाट पेस भएको सिंहदरबारको संशोधित गुरुयोजना स्वीकृत गर्ने निर्णय गरेको छ । आर्थिक तथा पूर्वाधार समितिबाट पेस भएको बैंकिङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० संघीय संसद्मा पेस गर्न स्वीकृति दिने निर्णय भएको हो । रुपैयाँ ५ दरका १५ करोड थान सिक्का टकमरी गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने पनि बैठकले गरेको मन्त्री शर्माले बताइन् ।

# १५ नम्वर वडाले कृषि अनुदान दिने

साझाकुरा संवाददाता



हेटौंडा, २४ साउन/ हेटौंडा उपमहानगरपालिका वडा नम्वर-१५ ले चालु आर्थिक वर्षदेखि वडाका किसानलाई कृषि अनुदान दिने भएको छ ।

उपमहानगरपालिकाले वडाका लागि छुट्याएको बजेटबाट किसानको मागलाई मध्यनजर गर्दै दूग्ध उत्पादन गर्ने किसानलाई प्रतिलिटर दूग्घमा २ रुपैयाँ र पशु खरिदमा वडाबाट पशुबीमा कार्यक्रमको लागि बजेट व्यवस्थापन गरिएको वडाध्यक्ष सुनिल मुक्तानले जानकारी दिए । अध्यक्ष मुक्तानका अनुसार अब गाई भैंसीमा गरिँदै आएको १ प्रतिशत पशु बीमा बापतको रकम र दूग्ध उत्पादन गर्ने किसानलाई प्रतिलिटर दुई रुपैयाँको दरले अनुदानको व्यवस्था गरिएको छ ।

उनका अनुसार गोरस दूग्ध उत्पादन कृषि सहकारी संस्थामार्फत् वडाका किसानलाई अनुदान बापतको रकम वितरण गरिने छ । 'गाउँघरमा सिंहदरबार छ भन्ने तर, किसानको समस्या कसैले नबुझेको भन्दै समुदायबाट गुनासो आएपछि हामीले किसानको मागको आधारमा थोरै भएपनि किसानमुखी बजेटको व्यवस्था गरेका हौं ।' उनले भने ।

विदेशिएका युवालाई पनि स्वदेशमा व्यवसाय संचालन गर्न प्रेरित गर्ने उद्देश्यले थोरै भएपनि कृषिका लागि अनुदान कार्यक्रम सुरु गरिएको उनको भनाई छ । उनले यो कार्यक्रमलाई निरन्तरता दिइएको बताए ।

# किन 'ऊर्जा संकटकाल'को माग गरिरहेको छ निजी क्षेत्र ?

काठमाडौं/मुलुकमा अहिले लोडसेडिङ छैन । नेपालबाट भारतमा विद्युत निर्यात पनि भइरहेको छ । यस्तो बेलामा पनि निजी क्षेत्रका ऊर्जा उत्पादकहरुले नेपालमा 'ऊर्जा संकटकाल' माग गरिरहेका छन् ।

मंगलबार संघीय संसदको पूर्वाधार विकास समितिमा आफ्नो प्रस्तुति राख्दै स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इपान)ले यस्तो माग गऱ्यो । मंगलबार नै नेपाल उद्योग परिसंघ र इपानका पदाधिकारीबीचको भेटमा समेत इपानका अध्यक्ष गणेश कार्कीले ऊर्जा क्षेत्रको विकासका लागि 'ऊर्जा संकटकाल' घोषणा गर्न सरकारलाई सुझाव दिएको जानकारी गराए ।

**ऊर्जा संकटकालको माग किन भइरहेको छ त ?**

ऊर्जाको विकासमा अहिले विद्यमान अवरोध हटाउन आवश्यक रहेकाले यो माग गरिएको इपानका अध्यक्ष अध्यक्ष कार्कीले बताए । अहिले पनि मुलुकभित्रकै उद्योगहरुले मागेजति बिजुली पाइरहेका छैनन्, अर्कोतर्फ प्रवर्द्धकले उत्पादन गरेको बिजुली खेर गइरहेको वर्तमान अवस्थामा निजी क्षेत्रले ऊर्जा संकटकाल घोषणा गर्न माग गरेको उनको भनाइ छ ।

'नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले ५ वर्षमा एउटा पोल पनि गाड्न दिइएन भन्ने गुनासो गरिरहनुभएको छ,' उनले भने, 'वनमा गयो रुख काट्न अवरोध, जग्गामा गयो चुल्ठे मुन्द्रेको अवरोध, यो हटाउन ऊर्जा संकटकाल चाहियो भनेका हौं ।'

ऊर्जा संकटकाल घोषणा गरी विद्युत उत्पादन तथा अन्य पूर्वाधार बनाउने अवरोध हटाउनुपर्ने आफूहरुको माग रहेको उनले बताए । 'ऊर्जा संकटकाल घोषणा गरेपछि यस क्षेत्रको सुरक्षामा बढी चासो हुन्छ, र तोकिएको लक्ष्य अनुसार काम गर्न सहज हुन्छ,' उनले भने ।

अबको १० वर्षमा ३० हजार मेगावाट विद्युत उत्पादनको सरकारी लक्ष्य भेट्टाउने हो भने ऊर्जा संकटकाल आवश्यक रहेको निजी क्षेत्रको ऊर्जा लगानीकर्ताहरुको माग छ । 'यस्तै चल्छ, चलिराछ भन्ने हो भने ठिकै छ,' अध्यक्ष कार्कीले भने, 'नत्र अवरोध नै अवरोधका बीच ऊर्जा क्षेत्र कसरी अगाडि बढ्छ ?'

**के भए यसअघिका संकटकाल ?**

यसअघि २०७२ मा तत्कालीन ऊर्जा मन्त्री टोपबहादुर रायमाझीले मुलुकमा विद्युत उत्पादन बढाउने तथा लोडसेडिङ हटाउने भन्दै ऊर्जा संकटकाल कार्ययोजना ल्याएका थिए । त्यसबेला तीन वर्षमा तीन हजार मेगावाट, पाँच वर्षमा पाँच हजार, १० वर्षमा १० हजार र १५ वर्षमा १५ हजार मेगावाट विद्युत उत्पादनको लक्ष्य राखिएको थियो । वर्ष र हजार मेगावाट विद्युतको संगती मिलाउने हिसाबले हचुवामा ल्याइएको त्यो कार्ययोजना असफल भएको थियो ।

त्यो कार्ययोजनअनुरुप कुनै काम हुन नसकेपनि २०७३ को तिहारदेखि मुलुकमा लोडसेडिङ अन्त्य भएको थियो । २०७४ को वैशाखदेखि औद्योगिक क्षेत्रमा पनि लोडसेडिङ अन्त्य गरिएको घोषणा विद्युत प्राधिकरणले गरे पनि अझै पनि केही उद्योगहरुले भने माग अनुरुपको बिजुली पाइरहेका छैनन् । ०७२ अघि ०६५ सालमा पनि तत्कालीन तत्कालीन अर्थमन्त्री एवम् ऊर्जामन्त्री भरतमोहन अधिकारीले पनि 'ऊर्जा संकटकाल' घोषणा गरेका थिए ।

तत्कालीन सरकारले घोषणा गरेको संकटकालमा २५ मेगावाटसम्मका जलविद्युत आयोजनाका लागि एकमुष्ठ विद्युत खरिद दर निर्धारण गर्ने २०६८ साल चैत्रभित्र निर्माणमा जाने ५० मेगावाटसम्मका जलविद्युत आयोजनाको लागि वन तथा भू-संरक्षण मन्त्रालयको सहमति लिन नपर्ने व्यवस्था गरिएको थियो । तर, त्यो संकटकालका लक्ष्यहरु पनि पूरा भएका थिएनन् ।

**कानुन सच्याउन माग**

लगानीकर्ताहरुले संसदबाट ऊर्जा विकास दशक पारित गरी केही कानुनहरु सच्याउन माग गरेका छन् । त्यसका लागि ऊर्जा संकटकाल आवश्यक रहेको अध्यक्ष कार्कीले बताए । वन, वातावरण र भूमिसम्बन्धी कानुनका केही बुँदा निलम्बन गरी ऊर्जासँग सम्बन्धित पूर्वाधार विकासमा केन्द्रित गर्न निजी क्षेत्रले सरकारसँग माग गरेको छ ।

सरकारको लक्ष्य पूरा गर्न तत्काल विद्युत ऐन जारी गर्नुपर्ने, ऊर्जा क्षेत्रमा बैंकको लगानी १० वर्षमा २० प्रतिशत पुऱ्याउनुपर्ने, मुलुकमा ऊर्जा विकासमैत्री राजनीतिक वातावरण हुनुपर्ने, निजी क्षेत्रलाई आन्तरिक तथा बाह्य विद्युत व्यापारको अनुमति दिनु पर्ने माग समेत निजी क्षेत्रले राखेका छन् ।

सेयरको लकिङ अवधि हटाउन, आयोजनाको अवधि सकिए पछि सर्वसाधारणको लगानी के हुने भन्नेमा समेत स्पष्ट नीति आउनु पर्ने माग निजी लगानीकर्ताको रहेको छ । निजी क्षेत्रले आयोजना सम्पन्न भएको १० वर्ष पुरै र बाँकी १५ वर्ष ५० प्रतिशतका दरले कर छुट दिन समेत सरकारसँग माग राखेको छ ।

(स्रोत: अनलाइनखबर)

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# आजदेखि बागमतीको सबै जिल्लामा लम्पी स्किनविरुद्ध खोप लगाइने

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ किसानका लागि महासमस्याको रुपमा फैलिदैं आएको लम्पी स्किन प्रकोपविरुद्ध २५ साउनबाट बागमती प्रदेशका १३ जिल्लाको ९१ वटा स्थानीय तहमा अभियानको रुपमा खोप लगाइने भएको छ ।

प्रदेश सरकारले लम्की स्किन नियन्त्रणको लागि ७५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । यो अभियानभरप्रदेशको १३ जिल्लाका ५० हजार गाई, भैंसी तथा चौरीमा खोप लगाइने छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेशले लम्पी स्किन नियन्त्रण तथा रोकथामको लागि सप्ताहव्यापी खोप अभियान सञ्चालन गर्न लागेको जानकारी दिएको हो ।

यो अभियान एक सातासम्म चल्नेछ । हाल प्रदेशको सबै जिल्लामा गरी २ लाख ४ हजार ९ सय ८८ पशु लम्पी स्किनबाट प्रभावित छन् । जसमा १ लाख १० हजार ४ सय ४० पशु सक्रिय संक्रमित छन् । हालसम्म ६ हजार २९१ वटा पशुको मृत्यु भइसकेको छ । प्रकोप फैलिएसँगै १ लाख ३२ हजार ९ सय पशुलाई खोप लगाइसकिएको छ । अब २५ साउनबाट सुरु गरिने अभियानबाट ५० हजार पशुमा खोप लगाइने छ । यसको लागि ४८ हजार ५५० थान खोप सम्बन्तिध निकायमा पुन्याइएको छ भने, अभियानको क्रममा अपुग खोप खरिद गरिने छ ।

यो खोप लगाएवापत किसानले पैसा तिर्नु पर्दैन । यो खोप लगाएपछि गाई भैंसी वा चौरीलाई एक वर्षसम्म एन्टिभाइरसको रुपमा काम गर्ने मन्त्रालयका पशु विकास अधिकृत निशान्त शर्मालेे बताए । लम्पी स्किन यो रोगका कारण सामन्यतया १० देखि २० प्रतिशत



पशु बिरामी हुने र करिब ५ प्रतिशतसम्म मृत्युदर देखिने उनले बताए । खास उपचार नभएको र लम्पी स्किनको कारण धेरै संख्यामा गाई/भैसी प्रभावित भई दूध उत्पादनमा ८० प्रतिशतसम्म कमी आएको मन्त्रालयले जनाएको छ ।

यसकारण कृषकले ठूलो आर्थिक क्षति व्यहोर्नु परेको अवस्थालाई मध्यनजर गर्दै अभियानको रुपमा खोप कार्यक्रम सुरु गर्न लागिएको मन्त्रालयले जनाएको छ । यस रोगको नियन्त्रणको लागि प्रभावकारी उपाय खोप लगाउने नै भएकोले लम्पी स्किनविरुद्ध खोप अभियान कार्यक्रम संचालन एक महत्वपूर्ण कदम हुन सक्ने शर्माले बताए । लम्पी स्कीनविरुद्धको खोप अभियान मार्फत प्रदेशभरी लम्पी स्किन न्यूनीकरणका लागि जनचेतना फैलाउने काम पनि सँगै गरिने मन्त्रालयका सचिव शरण पाण्डेले बताए ।

कार्यक्रम संचालनका लागि प्रत्येक जिल्लामा स्थानीय तहको समन्वयमा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रमार्फत खोपकार्य संचालन गरिने उनले बताए । खोप अभियानको लागि प्रत्येक स्थानीय तहको लागि आवश्यकता अनुसार स्थानीय तहको समन्वयमा विज्ञकेन्द्रमार्फत भ्याक्सिनेटरहरु समेत नियुक्ति गरिएको पाण्डेले बताए । खोप अभियान पश्चात पनि रोगको अवस्थाका आधारमा खोप कार्यलाई निरन्तरता दिइने मन्त्रालयका सचिव पाण्डेले बताए ।

मन्त्रालय मातहतको प्रदेश दुग्ध विकास बोर्डद्वारा जिल्ला दुग्ध उत्पादक संघ तथा अन्य सरोकारबालासँग खोप अभियान सम्बन्धी समन्वयात्मक बैठक बसेर यसबारे जानकारी र प्रचारप्रसारको काम पुरा गरिसकेको बताइएको छ । सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रलाई आवश्यक खोप कार्ड, खोप अभिलेख फाराम तथा जनचेतनामूलक ब्रोसर कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट उपलब्ध गराइएको छ ।

लम्पी स्किन भाइरसबाट गाई/भैंसीमा लाग्ने एक प्रकारको भेक्टर बोर्न विषाणुजन्य संक्रामक रोग हो । यो रोग पशुबाट मानिसमा सर्दैन । बागमती प्रदेशमा पशुपालन तथा पशुजन्य उत्पादनको क्षेत्रमा गाई/भैंसीपालनको महत्वपूर्ण भूमिका रहेको छ । यस प्रदेशमा करिब १० लाख ९९ हजार ५६० गाई, ८ लाख ०६ हजार २१३ भैंसी रहेको छ भने वार्षिक दूध उत्पादन ४ लाख ५५ हजार १४१ मेट्रिकटन रहेको छ । बागमती प्रदेशमा २०७९ पुस महिनामा मकवानपुर जिल्लामा देखिए यता लम्पी स्किनको प्रकोप १३ जिल्लामा देखिएको छ ।

# विषालु च्याउ खाँदा ६ जना बिरामी

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ विषालु च्याउ खाँदा मकवानपुरमा ६ जना बिरामी परेका छन् । जिल्लाको राक्सिराङ गाउँपालिका-२ औडारमा विषालु च्याउ खाँदा ६ जना बिरामी भएका हुन् ।

बिरामीमध्ये ३ जना एकै परिवारका हुन् । जंगली च्याउ खादा उनीहरु बिरामी परेका हुन् । राक्सिराङ-२ औडारका स्थानीय २६ बर्षीय विकास चेपाङ, ६ बर्षीय सन्तोष चेपाङ, २४ बर्षीया सुनीमाया चेपाङ, २७ बर्षीय राजकुमार प्रजा, आमेस चेपाङ र अर्का एकजना पुरुष बिरामी परेको वडा नम्बर दुईका वडाध्यक्ष बुद्धराम लामाले बताए ।

विकास, सन्तोष र सुनीमाया एकै परिवारका ह'न् । च्याउ खाएपछि बान्ता आउने लगायतका समस्या भएपछि उनीहरुलाई सरिखेत स्वाथ्यचौकीमा उपचार गरिएको स्वाथ्यचौकीका प्रमुख प्रकाश कार्कीले बताए ।

सरिखेतमा उपचार सम्भव नभएकोले उनीहरुलाई भरतपुर रिफर गरिएको छ । 'उहाँहरुलाई आइसियु सहितको उपचार आवश्यक पर्ने देखिएकोले सरिखेत स्वाथ्यचौकीबाट भरतपुर पठाइएको हो' कार्कीले भने । मकवानपुरको राक्सिराङ, खैराङ, सरिखेत क्षेत्रमा जंगली च्याउ खाएर बर्सेनी ज्यान जाने गरेको छ ।

# तीन बाल श्रमिकको उद्दार




हेटौंडा, २४ साउन/ बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको तयारीमा लागेको हेटौंडा उपमहानगरपालिकाले यसको तयारीस्वरुप अभियानलाई तीव्रता दिँदै गएको छ ।

पालिकाअन्तर्गत् विभिन्न वडामा बाल श्रमिक र बाल विवाह अन्त्यको अभियानलाई सफल बनाउन अनुगमनको क्रमलाई तीव्रता दिएको पालिकाले बुधबार हेटौंडा वडा नं. १ को विभिन्न होटल तथा व्यवसायिक क्षेत्रमा बालश्रमिकको अवस्था अनुगमन गरेको छ ।

अनुगमनको क्रममा चौकीटोल तल्लोतालस्थित च्याङ्बा होटलमा कार्यरत् दुई बालिका र एक बालकको उद्दार गरेको हो । उद्दार हुने बालिका क्रमश: १४ र १६ वर्ष तथा १३ वर्षीय बालक रहेको १ नं. वडा बालमैत्री सहजकर्ता कृष्टिना मैनालीले जानकारी दिइन् । उनका अनुसार ती बालबालिकाहरुलाई सिविन बाल हेल्पलाइनमा जिम्मा लगाइएको छ ।

यसैगरी, हेटौंडा-१ जरुवाटोलबाट दुई बालिकासहित चार जना बेवारिसे मानिसहरुको पनि उद्दार गरिएको छ । सडक अलपत्र भएर बसेका उनीहरुलाई माइती नेपालमा पठाइएको सहजकर्ता मैनालीले जानकारी दिइन् ।

# मातहतका १४ कार्यालयसँग बागमती प्रदेश प्रहरीको कार्यसम्पादन सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले मातहतका प्रहरी कार्यालयसँग आर्थिक बर्ष २०८०/८१ का लागि दश प्रमुख लक्ष्य सहित १४ वटा प्रहरी कार्यालयसँग कार्यसम्पादन करार गरेको छ ।

बुधबार बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले पत्रकारसँग अन्तरक्रिया आयोजना गर्दै आर्थिक बर्ष २०८०/८१ का लागि गरिएको कार्यसम्पादन करारको बारेमा जानकारी गराएको हो । अन्तरक्रियामा प्रदेश प्रहरी प्रवक्ता समेत रहेका वरिष्ठ प्रहरीउपरीक्षक दीपक रेग्मीले बागमती प्रदेश प्रहरी कार्यालय र यसको मातहतका कार्यालयले गत आर्थिक बर्षको घटनाको अवस्था, अपराध नियन्त्रण, भन्सार छलेर ल्याएका सामान नियन्त्रण लिएको, सवारी दुर्घटना, हत्या, अपराध, बलात्कारका घटना, जजक, सामुदायिक प्रहरी साझेदारी कार्यक्रमका बारेमा जानकारी गराएका थिए ।

प्रदेश प्रहरी प्रमुख प्रहरीनायवमहानिरीक्षक किरण रणको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रदेश प्रहरी कार्यालय हेटौंडाले ट्राफिक प्रहरी कार्यालय रामनगर, जिल्ला प्रहरी कार्यालय मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप र दोलखाका प्रहरी प्रमुखसँग र बागमती प्रदेश प्रहरी तालिम केन्द्र दुधौली सिन्धुली, बागमती प्रदेश प्रहरी दंगा नियन्त्रण प्रहरी गण हेटौंडा र बागमती प्रदेश सशस्त्र प्रहरी गण मुख्यालय हेटौंडा,



रातोमाटेसँग कार्यसम्पादन करार गरिएको जनाइएको छ ।

प्रदेश प्रहरी प्रवक्ता रेग्मीले आर्थिक बर्ष २०८०/८१ का लागि गाँजाखेतीलाई निरुत्साहित गर्न कफीखेतीदेखि जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा पुस्तकालयसम्मको १० प्रमुख लक्ष्य सहित कार्यसम्पादन गरिएको बताए ।

प्रदेश प्रहरी कार्यालयले १० प्रमुख लक्ष्य पुरा गर्न ७९ वटा क्रियाकलाप निर्धारण गरिएको जनाइएको छ । कार्यक्रममा सहभागी पत्रकारले जिल्ला तथा प्रदेशका जिल्लामा नेपाल प्रहरीको भुमिका र अवस्थाको बारेमा डिआइजी राणलाई अवगत गराएका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका निर्वतमान अध्यक्ष प्रताप विष्ट, उपाध्यक्ष रुपेश दुलाल, महासचिव कृष्ण सारुमगर, मकवानपुर अध्यक्ष मणिराज गौतम, विभिन्न जिल्ला र प्रहरी तालिम केन्द्र र गणका प्रहरीप्रमुख, प्रदेश प्रहरी कार्यालयका प्रहरी नायवउपरीक्षक मधुकुमार थापालगायत मकवानपुरमा क्रियाशील विभिन्न संचारगृहका पत्रकारे सहभागी थिए ।

**अपराधमा वृद्धि**

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले आव २०७८/७९ भन्दा आव २०७९/८० मा ६.२२ प्रतिशतले अपराधको मुद्दा बृद्धि भएको जनाएको छ ।

वरिष्ठ प्रहरीउपरीक्षक रेग्मीले आव ०७८/७९ मा ४ हजार ४ सय ५ अपराधका बिभिन्न मुद्दाहरु रहेकोमा आव ०७९/८० मा बढेर ४ हजार ६ सय ७९ पुगेको जानकारी दिए । उनले फैसला कार्यान्वयनतर्फ गत आवमा एक हजार एक सय ७२ जना पक्राउ गरिएको र जरिवानाबापत सात करोड ९ लाख ८ हजार ५ सय ८८ राजश्व संकलन भएको बताए । गत आव २०७९/८० मा ४७ नाल हातहतियार र ३१ जना पक्राउ परेको रेग्मीले जनाए ।

# संगठनलाई जनतामा पुऱ्याउँः नेता राना

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ नेकपा एमालेका केन्द्रीय सदस्य तथा हेटौंडा उपमहानगरपालिका ईन्चार्ज रामेश्वर रानाले पार्टी संगठनलाई वडा, टोल हुँदै जनतामा पुऱ्याउने बताएका छन् ।

नेकपा एमाले हेटौंडा उपमहानगरपालिका वडा नं. ५ को बैठकमा बोल्दै नेता रानाले राष्ट्रियता, संघीय लोकतान्त्रिक गणतन्त्र सुदृढीकरण गर्न र मुलुकलाई समाजवादसम्म पुऱ्याउन नेकपा एमाले बलियो पार्टी बन्नुपर्ने बताए । उनले वर्तमान सरकार राष्ट्र, सुशासन, विकास र समृद्धिको लागि प्रतिकुल रहेकोले राष्ट्र र जनताको पक्षमा काम गर्नको लागि एमालेको सरकार आवश्यक रहेको बताए ।

पार्टीले संगठन निर्माण र परिचालनको लागि बार्षिक कार्ययोजना बनाएर सबै स्थानीय तहमा विभिन्न जिम्मेवारीका साथ व्यापकरुपमा पार्टीपंक्ति परिचालित




हुने रानाले बताए । बैठकले पार्टी सदस्यता, पार्टीको टोल तथा जनसंगठनको वडा, सबै पार्टी सदस्यलाई संगठित गर्ने, सामुदायिक तथा सामाजिक संस्था जनहित अनुकुल परिचालन गर्ने जस्ता विषयमा बैठकमा निर्णय गरिएको ५ नं. पार्टी वडा कमिटीका उपसचिव ईश्वरी चालिसेले बताए ।

वडाअध्यक्ष पदम बजगाईँको अध्यक्षतामा भएको बैठकमा नेकपा एमाले प्रदेश कमिटीका सदस्यहरु हरिबहादुर महत, भोजराज ढकाल, जिल्ला सचिव नवीन सिग्देल, जिल्ला सदस्यहरु सुधीर थापा, सन्तोष पौडेल, जानकी चौधरी, सरस्वती दाहाल, जिल्ला वित्त तथा कोष व्यवस्थापन विभागका सचिव विनोद पुडासैनी, नगरअध्यक्ष शालिकराम पुडासैनी, सचिव बोलबहादुर कार्की, नगरसदस्यहरु ज्ञानु थापा, रन्जिता सिलवाल, भीमा गुरागाईं, शिव थापा, रुपक महतलगायतको उपस्थिति रहेको थियो ।

# आन्तरिक राजस्वद्वारा थाहामा कर शिक्षा

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ आन्तरिक राजस्व कार्यालय हेटौंडा तथा थाहा नगरपालिकाको आयोजना र पालुङ बहुउद्देश्यीय सहकारी संस्था, थाहा उद्योग वाणिज्य संघको समन्वयमा थाहानगरका सहकारी संस्था, व्यवसायी तथा निजी विद्यालयका प्रतिनिधिलाई करशिक्षा दिइएको छ ।

पालुङ बहुउद्देश्यीय सहकारीको सभाहलमा थाहा नगर प्रमुख बिष्णु बिष्टको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नगरउपप्रमुख भरत गोपाली, थाहानगर उद्योग वाणिज्य संघका सभापति कविराज खत्री, थाहा नगर पालिका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, आन्तरिक राजस्व कार्यालयका करअधिकृत गुणराज भण्डारी, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरका लेखराज राउत, पालुङ बहुउद्देश्यीय सहकारीका कार्यबाहक अध्यक्ष अरुण रायमाझी लगायत उपस्थिति रहेको थियो ।

कार्यक्रममा संघका अध्यक्ष खत्रीको सभापतित्वमा सञ्चालित कार्यक्रममा प्रमुख अतिथि थाहा नगरप्रमुख बिष्टले सरकार सञ्चालनको मेरुदण्ड राजश्व नै रहेको हुँदा सबै व्यवसायीलाई इमान्दारिताका साथ करको दायरमा आउन आग्रह गरे ।

कार्यक्रममा थाहानगरका प्रमुख प्रशासकीय अधिकृत गिरी, आन्तरिक राजश्व कार्यालयका करअधिकृत भण्डारीले सहजीकरण गरेका थिए ।

**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरु** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्कः-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

**हार्दिक समवेदना**



जन्मः २०४०/१/१०

स्वर्गारोहणः २०८०/४/१३

**स्व. सरिना मानन्धर (सांगामी)**

हाम्रा आत्मीय मित्र श्री शैलेश मानन्धरका बहिनी **सरिना मानन्धर (सांगामी)** को असमायीक तथा अकल्पनीय देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवार जनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**मृगेन्द्र मानन्धर** **हिरा लामा**
**श्याम कृष्ण मानन्धर** **सुवर्णमान श्रेष्ठ**

**हार्दिक श्रद्धाञ्जली**



जन्मः २०४०/१/१०

स्वर्गारोहणः २०८०/४/१३

**स्व. सरिना मानन्धर (सांगामी)**

हाम्रो यस पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.का सदस्य एवम् यस संस्थाका सचिव श्री शैलेश मानन्धरका बहिनी **सरिना मानन्धर (सांगामी)** को देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी कामना गर्दछौं ।

रुपकराज बज्राचार्य (अध्यक्ष) एवम्

**पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-२, मकवानपुर, परिवार**

**सादर आमन्त्रण**

मेरो कान्छो छोरा प्रदिपमान सांगामीको श्रीमती स्व. सरिना सांगामीको मिति २०८० श्रावण १३ गते भएको असामयीक स्वर्गारोहणमा सागरमा पाल्नुहुने, हामीप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्णमा तपशिलको मिति, समय र स्थानमा १३ औं दिनको पितृप्रसाद ग्रहणका लागि सादर आमन्त्रण गर्दछौं ।

**कार्यक्रमः**

मिति : २०८० श्रावण २५ गते
स्थान : हेटौंडा-४, स्कुलरोड (मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. को भवन पछाडि)
समय : दिनको २:०० बजे

प्रार्थी
केशवमान सांगामी
एवम्
समस्त सांगामी परिवार
९८४५०२७६४२, ९८४५०५७३३३
९८४५०४६७५९

**भावपूर्ण श्रद्धाञ्जली**



जन्मः २०४०-०१-१०

स्वर्गारोहणः २०८०-०४-१३

**स्वः सरिना सांगामी**

हाम्रो सांगामी परिवारको कान्छो छोरा प्रदिपमान सांगामीको धर्मपत्नी स्व. सरिना सांगामीको असामयीक तथा अकल्पनीय स्वर्गारोहण भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति सहानुभुति प्रकट गर्नुहुने सम्पूर्ण हितैषी, साथिभाई, इष्टमित्र, छरछिमेकी, आफन्तजन तथा विभिन्न संघसंस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

**केशवमान सांगामी**
(ससुरा बुबा)
तथा
**सम्पूर्ण सांगामी परिवार**
हेटौंडा-४, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना